प्रदेश सरकार
लुम्बिनी प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)
मुकाम, बुटवल

# सूचीदर्ता गराउने सम्वन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०४/१०

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) अन्तर्गत प्रदेश कार्यक्रम कार्यान्वयन इकाई (PPIU) को चालू आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलका कुनै एक वा बढी विषय वा क्षेत्रहरुमा कार्य गर्न इच्छुक योग्यता पुगेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट देहायका कागजातहरु सहित सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधनसहित) को नियम १८ बमोजिम यो सूचना प्रकाशन गरिएको छ । योग्यता पुगेका इच्छुक परामर्शदाताहरुले तल दिईएको ठेगानामा ईमेल मार्फत अथवा खामबन्दी रीतपुर्वकको निवेदन पठाउन अनुरोध गरिन्छ । यस सम्वन्धि अन्य विषयहरुको हकमा कानून बजोजिम सम्पूर्ण अधिकार कार्यालयमा निहित रहने छ ।

तपशिल

१.परामर्श सेवाका क्षेत्र तथा विषयहरु

क) प्रदेश मन्त्रालयहरुको ऐन, नियमावली तथा कार्यविधि तयार गर्ने।
ख) स्थानीय तह संगको समन्वयमा ऐन, नियमावली तथा कार्यविधि तयार गर्ने।
ग) प्रदेश मन्त्रालयहरुको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण (लै.स.सा.स.) अडिट गर्ने।
घ) प्रदेश तहमा दिगो विकास लक्ष्यहरु (SDGs) स्थानीयकरणको निर्देशिका तयार गर्ने।
ङ) लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लै.स.सा.स.) कार्यान्वयन कार्यविधि तयार गर्ने।
च) प्रदेशमा सूचना प्रविधि प्रणाली निर्माण, संचालन र परीक्षण गर्ने।
छ) प्रदेश मन्त्रालयहरुको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका तयार गर्ने।
ज) मेसिनरी औजार, कम्प्यूटर तथा इलेक्ट्रोनिक्स सामग्री आपूर्ति गर्ने।
झ) कार्यालयका लागि फर्निचर सम्वन्धी सामग्रीहरू आपूर्ति गर्ने।
ञ) मसलन्द, स्टेशनरी तथा कार्यालय संचालन सम्वन्धी सामग्रीको आपूर्ति गर्ने।

२.आवश्यक कागजातहरु

क) रीत पूर्वक ढाँचामा आधिकारिक निवेदन (माथि उल्लेखित मध्ये आफुले काम गर्न चाहेको बिषय क्षेत्र स्पष्ट उल्लेख भएको) ।
ख) फर्म, संस्था वा कम्पनी दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
ग) मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी
घ) आ. व. २०७७/७८ सम्मको करचुक्ता प्रमाणपत्र
ङ) फर्म, संस्था वा कम्पनीको प्रोफाइल र व्यक्तिको हकमा बायोडाटा।
च) फर्म, संस्था र कम्पनीको हकमा आ. व. २०७७/७८ को लेखा परिक्षण प्रतिवेदन
छ) सम्वन्धित क्षेत्रको कार्य अनुभव र कार्यक्षमता खुल्ने कागजातहरु

प्रदेश सरकार
लुम्बिनी प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
मुकाम बुटवल, नेपाल

ज) कालो सूचीमा नरहेको स्व-घोषणा।

३. माथि बुंदा न. २ मा उल्लेखित सम्पूर्ण कागजातहरु (प्रत्येक बिषय क्षेत्रको छुट्टाछुट्टै निबेदन र कागजात) तल उल्लेखित ठेगानामा कार्यालय समयमा पेश गर्नुपर्नेछ।

४. आवेदक फर्म, संस्था, कम्पनी वा व्यक्तिको अधिकारिक कागजातहरु, अनुभव तथा संस्थागत क्षमतालाई आधार मानी सूची तयार गरिनेछ ।नियमानुसार सूचीकृतमा परेका आवेदनहरूबाट आवश्यकता अनुसार प्रस्ताव माग गरिनेछ।

५. सूची दर्ताको निबेदन ढांचा प्राप्त गर्नका लागि तल दिइएको ईमेलमा कार्यालय समयभित्र माग गर्न सकिने वा कार्यालयको वेबसाईट https://ocmcm.lumbini.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
मुकाम बुटवल, नेपाल

<u>निवेदन पेश गर्ने ठेगाना</u>

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
लुम्बिनी प्रदेश, बुटवल
इमेलः ppiu.lumbini@gmail.com
फोनः ०७१-५५०६१८, ५४७९५०

कमानसी आचार्य प्रजार
उप सचिव